बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८२।८३
चलानी नं.:

## पचासी प्रतिशत अनुदानमा साना सिंचाई मर्मत सम्भार तथा निर्माण कार्यक्रमको प्रस्तावना आह्वानको म्याद थप सम्बन्धि सूचना !

**प्रथम पटक म्याद थप मिति २०८२/०५/३० गते**

बाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुको आ.व.२०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम मध्ये प्रथम चौमासिकमा **पचासी प्रतिशत अनुदानमा साना सिंचाई मर्मत सम्भार तथा निर्माण कार्यक्रम** संचालनको लागि इच्छुक कृषक समूह/कृषि सहकारी संस्था तथा कृषि फर्महरुले प्रस्ताव पेश गर्न २०८२/०५/०१ गते सूचना प्रकाशन गरिएकोमा तोकिएको अवधि भित्र प्रयाप्त मात्रामा प्रस्तावना पेश हुन नआएकोले प्रस्तावना पेश गर्नको लागि ७ दिन (मिति २०८२/०६/०६ गते सम्म ) म्याद थप गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

कार्यक्रमहरु

| कार्यक्रम | सम्लग्न गर्नुपर्ने आवस्यक कागजात | न्युनतम मापदण्ड |
|---|---|---|
| १. पचासी प्रतिशत अनुदानमा साना सिंचाई मर्मत सम्भार तथा निर्माण | १. कृषक समूह/ कृषि सहकारी/कृषि फर्म/जलउपभोक्ता समिति २०८२ श्रावण ३१ गते भित्र दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण/सुचिकृत भएको) ।<br>२. कृषक समूह/ कृषि सहकारी/ जलउपभोक्ता समितिको कार्यक्रम मागको निर्णयको प्रतिलिपी ।<br>३. वडा कार्यालयको सिफारिस पत्र ।<br>४. करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।<br>५. कृषक समूह/कृषि सहकारी/कृषिफर्म/जलउपभोक्ता समितिको कार्यालय भवनमा राखिएको साईनबोर्डको फोटो ।<br>६. कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८ को अनुसूची-२ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नु पर्ने ।<br>७. रु. २०० राजश्व तिरेको रसिदको प्रतिलिपी ।<br>८. लालपुर्जाको प्रतिलीपी वा जग्गाको क्षेत्रफल खुल्ने कागजात । | १.कम्तिमा ३ विगाहमा सिंचाइ हुनु पर्ने । |

**नोट:-** कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ ।

**पुनश्चः** आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुग भएमा नगरपालिका कृषक समूह/कृषि सहकारी/ कृषि फर्मको प्रस्ताव स्वीकृत गर्नका लागि बाध्य हुने छैन ।

निमित्त प्रमुख
प्रशासकीय अधिकृत

CS Scanned with CamScanner